# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) सुर्खेत, असार ३२ गते, २०७५ साल (अतिरिक्ताङ्क ७

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संम्वत् २०७५ सालको ऐन नं. ६

# आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २०८ बमोजिमको कर्णाली प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७५/०७६ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७५/०७६ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम रु. ७५,५०,०००।—(अक्षरेपी पचहत्तर लाख पचास हजार) बाहेक अनुसूची-२ को महल २ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूका निमित्त सोही अनुसूचीको महल ३ मा उल्लिखित चालू खर्च र महल ४ मा उल्लिखित पूँजीगत खर्च तथा महल ५ मा उल्लिखित वित्तीय व्यवस्था तर्फको रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रू. २८,२७,५२,७८,०००।– (अक्षरेपी अठ्ठाइस अर्व सत्ताइस करोड बाउन्न लाख अठहत्तर

हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त अनुसूची-२ को महल २ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल २ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्चतर्फका शीर्षकमा विनियोजित रकम पूँजीगत तर्फकै खर्च शीर्षक बाहेक चालूखर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अर्थ विविध शीर्षकमा विनियोजन भएको रकम जुन जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(४) यो ऐन बमोजिम विनियोजित रकमको निकासा तथा खर्च व्यवस्थापन प्रदेश आर्थिक कार्यविधि ऐन बमोजिम हुनेछ ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

<u>प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम</u>

**रु. हजारमा**

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.स.** | **निकायहरूको नाम** | **चालूखर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | प्रदेश सभा सचिवालय **(प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा)** | ७५५० | ० | ० | ७५५० |
| | जम्मा | ७५५० | ० | ० | ७५५० |

अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम**

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.स. | निकायहरूको नाम | चालू खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश सभा सचिवालय | ९८४९० | ४०५०० | | १३८९९० |
| २ | मुख्य न्यायधिवक्ताको कार्यालय | १४०५४ | २६०० | | १६६५४ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४३३२० | ४५९०० | | १८९२२० |
| | क) कर्णाली उज्यालो कार्यक्रम | ० | ५००००० | | ५००००० |
| | ख) एकीकृत वस्ती विकास कार्यक्रम | ० | २५०००० | | २५०००० |
| | ग) कर्णाली प्रदेश आकस्मिक कोष | १०००० | ० | | १०००० |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५४४८८० | ४६८९०० | | १०१३७८० |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७७८०० | २३५०० | | १०१३०० |
| | क) प्रदेश लेखा नियन्त्रक कार्यालय | १२९७० | ३५०० | | १६४७० |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७१७७५० | ११३७००० | | १८५४७५० |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी | १३८०६५७ | ४७३६०० | | १८५४२५७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | मन्त्रालय | | | | |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५८७२० | ५७८८८०० | | ५९४७५२० |
| ९ | सामाजिक विकास मन्त्रालय | ६२६४५४ | ११७०५०० | | १७९६९५४ |
| १० | अर्थ विविध | | | | |
| | क) भैपरी आउने | ५१०९६३ | ३३०२७० | | ८४१२३३ |
| | ख) स्थानीय साझेदारी कोष | ० | ६००००० | | ६००००० |
| | ग) कर्णाली पूर्वाधार विकास कोष | ५००००० | ५६१०००० | | ६११०००० |
| | घ) स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान | ० | ० | ४००००० | ४००००० |
| ११ | संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | १८३४८७७ | ४७९९२७३ | | ६६३४१५० |
| | कूल जम्मा | ६६३०९३५ | २१२४४३४३ | ४००००० | २८२७५२७८ |

प्रमाणीकरण मिति : २०७५।३।३२

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सरकारको सचिव**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू ५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**